ResearchGate

See discussions, stats, and author profiles for this publication at: https://www.researchgate.net/publication/377413535

# Traveling seminar on Basaahaa Bardaa Gaushaalaa □□□□□ □□□□□□□□□ □□□□□ □□□□□ □□□□□□ : □□□□□□ □□□□□ □□□□□□□□□ □□□□□ □□ □□□□ □ (□□□ □□□□ □□□ □□□□) □ □□ □□□□□□□

**Research** · January 2024

CITATIONS
0

READS
254

**1 author:**



Bal Krishna Joshi
Nepal Agricultural Research Council

**682** PUBLICATIONS **2,702** CITATIONS

SEE PROFILE

All content following this page was uploaded by Bal Krishna Joshi on 16 January 2024.

The user has requested enhancement of the downloaded file.

# Travelling seminar on Basaahaa Bardaa Gaushaalaa

# बसाहा बर्दा गौशाला भ्रमण गोष्ठी (यात्रा सेमिनार)

२०८० पौष ६ गते

बसाहा बर्दा गौशाला, बारबर्दिया न.पा. वडा- ९, कतर्निया, बर्दिया

## भ्रमण प्रतिवेदन

*बसाहा बर्दा गौशाला : रैथाने गाईको आनुवंशिक स्रोत केन्द्र (गाइ फार्म जिन बैंक) र मल कारखाना रुपमा लान सकिन्छ कि भन्ने उदेश्य*

**गौशालाको विवरण**

नाम : बसाहा बर्दा गौशाला

स्थान : बारबर्दिया न.पा. वडा ९, कतर्निया, बर्दिया

स्थापना मिति : २०७८ फल्गुण ६ गते

सुरुको गाईको संख्या :२२१

जम्मा क्षेत्रफ़ल : ८ बिगा

जामा गाइ संख्या : २८६

गाईको जातहरु : तराई स्थानिय, अछामी, जर्सी क्रस, हरियाना क्रस

गोठको संख्या : २

गोठको क्षमता : ५००

बाछा बाछी राख्ने घर संख्या : १ अस्थाई

गाइ राख्ने क्षमता : १०००

### परिचय

**गौशाला** भन्नाले गाई पाल्ने स्थानलाई जनाउछ । **गौशाला** शब्द **गौ** अथवा गाई तथा **शाला** अथवा पाल्ने स्थानबाट बनेको हो। गौशाला परम्परागत रुप वाट नै संचालनमा थियो र यो परम्परा धार्मिक र सस्कृति संग जोडिए पनि यसका धेरै फाइदाहरु छन्।

विंसं. १९८३ मा स्थापित **महोत्तरीको** निगौल गौशाला देशकै सबैभन्दा पुरानो गौशाला मानिन्छ। भारतको विहार प्रान्तका दरभंगा महाराजले ब्रह्मदेव ठाकुरमार्फत गौशालामा गाईको व्यवस्थापन गरेका थिए। पछि उनले जग्गा र गाई समेत नेपाललाई हस्तान्तरण गरेको उल्लेख छ (धनबिर महतो, २०७९)। इतिहासकार दिनेशराज पन्तका अनुसार काठमाडौंभन्दा महोत्तरीको निगौल गौशाला जेठो रहेको बताउँछन्। मारवाडी समुदायले काठमाडौंमा वि. सं. १९९७ सालमा पशुपतिमा गौशालाको स्थापना गरेका थिए। महोत्तरीमा त्योभन्दा १४ वर्ष अगाडि नै गाईको वंश रक्षारर्थ गौशाला स्थापना भएको भनाइ धनबिर महतो ले उल्लेख गरेका छन्।

छाडा चौपायाले किसानले खेतबारीमा लगाएको बालीनाली नोक्सान गर्नुको साथै चौपायाका कारण सडक दुर्घटनासमेत बढेकोले नेपालको धेरै ठाउँहरुमा गौशाला निर्माण गरी पशु चौपायाहरुको व्यवस्थापन गर्ने प्रयास भएको छ। नेपालमा करिब १०० गौशालाहरु मा १०५०० गाईहरू छन्। वांके र बर्दिया जिल्लामा मात्रै ५० देखी ६० गौशाला रहेको भनाई छ। उक्त क्षेत्रमा गौशालाको सुरुवात कान्जी

घरबाट सुरु भएको बुझिन्छ र हाल त्यस नगरपालिकामा दुई वटा गौशाला सन्चालनमा छन्। हाल आएर नेपालमा स्थानिय गाई लोपोन्मुख हुदै जानुमा नेपाल सरकारको निति अनुसार कृषिमा यान्त्रिकिकरण र वढी दुध उत्पादन दिने विदेसी गाईहरुलाई वढावा दिएर भन्ने बुझिन्छ।

**त्यहि क्रममा माता स्मृति राणा, योगी पिताम्बर र लिखिराम थारुको अग्रसरतामा,** बारबर्दिया न.पा. वडा ९, कतर्निया, बर्दियामा बसाहा बर्डा गौसाला मिति २०७८ फालगुण ६ मा संचालन भएको हो। उक्त गौशालालाई बिशेष योगदान वडा कार्यालय, नगर पालिका, प्रदेश सरकार र एकिकृत कृषि तथा पशुपंक्षी विकास कार्यालयले गरि रहेको छ। गौशाला विकासको लागि वडा अध्यक्ष देवेन्द्र कुमार विष्ट र गौशाला संचालन समिति अध्यक्ष इन्द्र बहादुर विष्ट निरन्तर रुपमा लागि रहनु भएको छ। यहि क्रममा बारबर्दिया नगरपालिकाले नेपालको पहिलो गौनिति तयार गरी कार्यपालिकाबाट अनुमोदन गरिसकेको छ। गौ नन्दी संरक्षण तथा व्यवस्थापन समिती बारवर्दिया न.पा. को गौनिति र बशाहा वर्दा गौसेवा आश्रम समितिको सहयोगमा संचालित छ। गौशाला विकासको लागी नगर प्रमुख श्री छविलाल थारू संरक्षण र उप-प्रमुखश्री रत्न कुमारी पाण्डेको अध्यक्षतामा ७ सदस्यिय नगर स्तरिय सामिति रहेको छ र पशु सेवा शाखाका अधिकृत श्री दिपक राज थापा सदस्य सचिव रहनु भएको छ।

छाडा गाईहरू धेरै जसो बिरामी भएको र तिनीहरुले प्लास्टिक खाने गरेकोले धेरै गाईहरू मर्ने गरेको पाइन्छ। तराई स्थानीय गाई र अछामी गाईको तुलनामा बिदेशी गाई (जर्सी क्रस र हरियाना क्रस) र तिनीहरुको ठिमा गाईहरु बढी मर्ने गरेको देखिन्छ। गाईको संरक्षण एवं गाईको दुध, मल तथा मुत्र, वायो ग्यांस र मृत्यु संस्कारको व्यवसायिक प्रयोगसमेत गर्ने उद्देश्यले यो गौशाला अगाडी बढेको छ। गाई अनुसन्धान केन्द्र तथा गाई आनुवांशिक केन्द्रको रुपमा रुपान्तरित गर्न पनि सकिने बुझाई रहेको छ। गौशालामा रहने गाईलाई आवश्यक घाँस, पराल, दानापानी, औषधि उपचार समेतको व्यवस्था गरी त्यसबाट आयआर्जन समेत गर्न सकिने गरी सम्वन्धित निकायहरुले योजना तर्जुमा गर्नु पर्ने देखिन्छ।

## उदेश्य

गौशालाको उद्देश्यहरु तल चित्रमा उल्लेख गरिएको छ। मुख्यत चरन प्रणाली मार्फत, रैथाने र स्थानीय घाँसहरु र धेरै थरिको घाँसहरुको प्रयोग, स्थानीय रुपमा उत्पादित आहारा, अयुर्वेदिक उपचार द्वारा रैथाने र स्थानीय गाईहरूको विविधता संरक्षण र उपयोग गर्ने हो।




## भ्रमण र छलफल

सम्वान्धित निकाय र व्यक्तिहरुलाई निमन्त्रणा गरि भ्रमण गोष्ठी २०८० पौष ६ गते आयोजना भएको थियो। उक्त गोष्ठीमा पहिला गौशाला भ्रमण/ अवलोकन गरि छलफल गरिएको थियो। सबैको विचार, सुझाबहरु संकलन गरि यो गौशालालाइ एक नमुनाको रुपमा विकास गर्ने सहमति भएको छ।



माता र सुरभी



## राम्रो र नराम्रो पक्ष

गौशालाले यस क्षेत्रमा छाडा छोडिएको सम्पूर्ण गाईहरूको व्यवस्था गरि बालीनालीमा हुने क्षति बाट बचाएको छ र सडकमा हुने दुर्घटनाका समस्याको निराकरण गरेको छ। धार्मिक र सस्कृति परम्परालाई जोगाएर गाईको आनुवंशिक विविधताको संरक्षण गरि उपयोगमा ठुलो योगदान गरेको छ।

गौशाला व्यवस्थापन गर्न रकम र जन शक्तिको आवश्यक पर्ने र यसलाई निरन्तरता दिन धेरै नै प्रयास गर्नु पर्ने देखिन्छ।

## गाईहरूको व्यवस्थापन

उक्त गौशालामा हाल ठिमा, बिदेशी र स्थानीय तथा रैथाने गाईहरु छन। तिनीहरुलाई सामुदायिक वनको बिभिन्न क्षेत्रमा पालो पालो गरि चराइने गरिन्छ। गौशालामा खेल्ने ठाउँ, गोठ र बाच्छा बाच्छीको लागि छुट्टै गोठको व्यवस्था गरिएको छ। गोष्ठीमा छलफल भए पछी यस गौशालामा रैथाने तथा स्थानीय गाइहरु मात्र राखिने भएको छ र यसरी राख्दा सकेसम्म धेरै किसिमको रैथाने/ स्थानीय जातहरु एकै ठाउँमा राखि उक्त समुहलाइ उत्परिवर्तनशिल बनाउने भएको छ। सबै फरक फरक रैथाने जातहरुको नाम राखिने छ। सबै संगै राख्दा पालन पनि सजिलो हुने र एक आपसमा सहभोग वाट जातीय विविधता आउन सक्ने हुँदा एकल समुह प्रणालीमा उक्त गाईहरूलाई राखिने छ।

## हाल संचालित कार्यहरु

**मुठी दान** : गौशाला वरिपरीको सबै घरहरुमा गाइहरुको लागि मुठी दान उठाउने चलन केहि बर्ष अघि वाट सुरु भएको छ र बर्षमा कम्तिमा एक पटक गर्ने चलन छ। मुठी दानमा एक घरले जति सक्छ अन्न/ गाईलाई आहारा दिने गरिन्छ।

**मिल गौ-माता भकारी** : मिलहरूमा गाईको लागि मिल धनि वा ग्राहकहरुले आफुले सकेको भुस/ चोक्कर/ कनिका/ आदि दिनको लागि एक भाडो राखिने गरिएको छ।

**नियमित निरिक्षण र औषधि उपचार** : एकिकृत कृषि तथा पशुपंक्षी विकास कार्यालय र पालिकाको पशु शाखा द्वारा नियमित रुपमा निरिक्षण गरि औषधि/ आयुर्वेदिक औषधि दिने गरिन्छ।

**पराल दान** : गाउ घरमा गौशालाको वारेमा जानकारी गरि पराल दिन चाहनेले दिन अनुरोध गरिन्छ, त्यसरी उपलव्ध भएको पराल नगरपालिका अथवा गौशाला बाट ट्र्याक्टर मार्फत ल्याउने गरिएको छ।

**संकेत दिने कार्य** : सबै गाईहरूलाइ चिन्नको लागि संकेत चिन्न दिईएको छ।

## कार्ययोजना

1. गौशाला वरिपरी विभिन्न थरिको स्थानीय घाँसहरु बाक्लो गरि लगाएर जीवित वार बनाउने
2. गौशाला भित्र बाटो वरपर विभिन्न थरिको स्थानीय घाँसहरुको हेजरो बनाउने
3. घाँसे बालीहरुको नर्सरी स्थापना गरि बिउ/ बेर्ना बेच बिखन गर्ने र घाँसे बालि फिल्ड जिन बैंक स्थापना गर्ने
4. बसाहा बर्डा गौशालामा रैथाने र स्थानीय गाईहरू मात्र राख्ने। गाईहरूको स्थानीय नाम र सङ्ख्य (ठुलो र ५ बर्ष मुनिको) तथा मृतको संख्याहरुको रेकर्ड राखी बार्षिक रुपमा अद्यावधिक गर्ने
5. सबै गाईहरू एकै ठाउमा राखी सजिलो संग व्यवस्थापन गर्ने र एक आपसमा सहभोग गरि उत्परिवर्तनशिल बनाएर नया नया जातहरु आउने क्रमलाइ बढवा दिने
6. गाईहरूको चारित्रिक गुणहरुको अभिलेख राख्ने
7. बजार सर्भे गरि कार्य योजना बनाउने
8. घर धुरी सर्भे गरि किन गाईहरुको यस्तो अवस्था आएको र गौशालालाइ कसरि संचालन गर्न सकिन्छ भनेर प्रतिबेदन तयार गर्ने
9. गाइ संग समन्धित सम्पूर्ण परम्परागत ज्ञान/ शिप/ घर्म/ सस्कृतिहरुको अभिलेख तयार गर्ने
10. स्थानीय स्तरमा पाइने रैथाने/ स्थानीय गाईहरू र घाँसे बालीहरुको विविधता बारे अध्ययन अनुसन्धान गरि प्रतिबेदन तयार गर्ने
11. गौशालालाई उत्पादन मुखी गर्न बिभिन्न कार्यक्रमहरु गर्ने
12. गौशाला पर्यटनको साथै ज्ञान केन्द्रको रुपमा विकास गर्ने
13. गौशाला वारे ब्रोसर प्रकाशन गर्ने
14. विभिन्न किसिमको मलहरु (गोठे मल, झोल मल, गड्यौले मल, गेंड़े मल, शुक्ष्म जीवाणु मल आदि) बनाएर बिक्रि गर्ने
15. प्रांगारिक तरकारी खेति गर्ने
16. गोबर ग्यास जडान गरि नजिकैको किसान घरहरुमा वितरण गर्ने
17. पन्च गाभ्यको विकास गरि बिक्रि वितरण गर्ने र अन्य विभिन्न उत्पादनहरु (जस्तै घुप) बनाउने
18. गौशालालाई एक गाई फार्म जिन बैंकको रुपमा लिई उक्त गाईहरूलाइ आनुवंशिकि सुधार गर्ने र रैथाने/ स्थानीय गाइको स्रोत केन्द्रको रुपमा विकास गर्ने
19. समय समयमा समन्धित निकाय/ व्यक्तिहरुलाई बोलाएर भ्रमण गोष्ठी संचालन गर्ने
20. गौशाला वाट हुन् सक्ने सेवाहरु किसान, अनुसन्धान कर्ता, बिद्दार्थी र शिक्षकहरुलाई प्रदान गर्ने

भ्रमण गोष्ठीका केहि तस्बिरहरु













## गौशालामा भएको गाईहरू र बोट बिरुवाहरु

| **क्र.स.** | **गाइ/ बोट बिरुवा** | |
| --- | --- | --- |
| **गाइ** | | |
| १ | तराई गाइ | |
| २ | अछामी गाई | |
| ३ | जर्सी क्रस | |
| ४ | हरियना क्रस | |
| ५ | होलिस्टन ठिमा | |
| **बोट बिरुवा** | | |
| १ | साल | |
| २ | बकाइनो | |
| ३ | बडहर | |
| ४ | कोइरालो | |
| ५ | इपिल लिपिल | |
| ६ | पिपल | |
| ७ | किम्बु | |
| ८ | खएर | |
| ९ | कदम | |
| १० | भुइँ घाँसहरु | |

## फेसबुकमा प्राप्त सुझाबहरु

गौशालाको बारेमा र यसको उदेश्य सहित केहि फोटोहरु फेसबुकमा राखेका थियौ। उक्त फोटो र कार्यक्रम बारे केहि निम्न सुझाबहरु प्राप्त भएका छन्।

सिता सहचरी
Jai gau mata

Padam Bahadur Subedi
कर्णाली प्रदेशमा भएका कृषि तथा पशुपन्छीमा भएका जैविक विविधताहरुको बारेमा खोजनीति गरी जीन बैंकमा राख्ने प्रयास गर्नको लागि अनुरोध गर्दछु।

Chhabi Paudel
There is Karnali Gaushala in Samji Ghat in Bheri. It is rearing local stray cattle. It can jointly be managed in coordination with Gene bank

Kaushlendra Jha

कठिन छ छड़ा गाई जमा गरेर सेवा त ठीक छ तर आनुवंशिक स्रोत केंद्र कठिन हो॥ हो मल कारख़ाना होला नै॥

Shant Gautam

स्थानिय जातको गाईको महत्वको बारेमा कार्यक्रम गर्न पाय राम्रो हुन्थ्यो कि?

## समन्धित निकायहरु र क्षेत्रगत सहयोग/ योगदान

| क्र.स. | कार्यलय | गरिने कार्य |
|---|---|---|
| १. | गौशाला समिति, बशाहा वर्दा | सम्पूर्ण रेखदेख, हेर चाह, उत्पादन मुलक बनाउने, समान्व गर्ने |
| २. | वार्ड कार्यलय, बारबर्दिया न.पा. वडा- ९, कतर्निया | सम्पूर्ण रेखदेख, हेर चाह, उत्पादन मुलक बनाउने, समान्व गर्ने र आर्थिक सहयोग गर्ने |
| ३. | बारबर्दिया नगरपालिका | उत्पादन मुलक बनाउन, समान्व गर्न र आर्थिक सहयोग गर्न, प्रशासकीय सहयोग आदि गर्ने गराउने |
| ४. | प्रदेश सरकार | समान्व गर्न र आर्थिक सहयोग गर्न, प्रशासकीय सहयोग आदि गर्ने गराउने |
| ५. | ज्ञान केन्द्र र पशु सेवा शाखा | प्राबिधिक र आर्थिक सहयोग गर्ने गराउने, समान्व गर्ने |
| ६. | प्रादेशिक कृषि अनुसन्धान निर्देशनालय, खजुरा | गाई र घाँसहरुमा अनुसन्धान गर्ने, प्राबिधिक सहयोग गर्ने |
| ७. | राष्ट्रिय जिन बैंक, खुमलटार | संरक्षणको लागि आवश्यक कार्य गर्ने, घाँसे फिल्ड जिन बैंक स्थापनामा र अभिलेखालयमा सहयोग गर्ने, उपयोग मार्फत संरक्षण कार्य गर्न बिभिन्न असल अभ्यासहरु गर्ने गराउने |
| ८. | राष्ट्रिय माटो अनुसन्धान केन्द्र, खुमलटार | मल कारखानाको रुपमा कार्य गर्न आवश्यक सहयोग गर्ने |
| ९. | राष्ट्रिय पशु प्रजनन् तथा अनुवांशिक अनुसन्धान केन्द्र, खुमलटार | जातीय सुधार गर्ने, पहिचान र अभिलेख राखी आवश्यक प्राबिधिक सहयोग गर्ने |
| १०. | राष्ट्रिय पोषण स्वस्थ अनुसन्धान केन्द्र, खुमलटार | पशु स्वस्थ समन्धी सहयोग गरि गोबस ग्यास को सम्भावना मा आवश्यक सहयोग गर्ने |
| ११. | योजना तथा समान्व निर्देशक, खुमलटार | आवश्यक समान्व गरि आर्थिक र प्राविधिक सहयोग गर्ने/ गराउने |

## सहभागीहरु

| SN | Participant | Designation | Address |
|---|---|---|---|
| 1 | Mr. Indra Bahadur Bista | Chairman, Gaushala | Barbardiya-9, Katarniya |
| 2 | Mr. Devendra kumar Bista | Ward Chairman | Barbardiya-9, Katarniya |
| 3 | Mr.Dr. Lumanidhi Pandey | Act. E.D./ Planning Director | NARC |
| 4 | Mrs.Dr.Neena Amatya Gorkhali | Chief | Animal Breeding, NARC |
| 5 | Mr.Dr.Samid Ahamad | Director | DoARC ,Khajura Banke |
| 6 | Mr.Dr.Balkrishna Joshi | Chief | Genebank, NARC |
| 7 | Mr.Dr.Shree Prasad Vista | Chief | Soil Science, NARC |
| 8 | Mr.Dr.Anil Pokhrel | Chief | GLRP Khajura, Banke |
| 9 | Mr.Dr.Madhav Acharya | Chief | Animal Health, NARC |
| 10 | Jagan Nath Banjade | Scientist | DoARC, Khajura Banke |
| 11 | Santosh Sharma | Tech. Officer | Genebank, NARC |
| 12 | Nanda Khadka | Member Gaushala | Barbardiya-9, Katarniya |
| 13 | Smriti Rana | Mata Gaushala | Barbardiya-9, Katarniya |
| 14 | Jaanvi Khdka Pokhrel | Farmer | Barbardiya-9, Katarniya |
| 15 | Purmal Basnyat | Chairman | Community Genebank, Banke |
| 16 | Jhalak Raj Khadka | Asst.Technician | Agriculture Office |
| 17 | Suman Kumar Dutta | Vet. Officer | Barbardiya-9, Katarniya |
| 18 | Tirtha Raj Poudel | Member Gaushala | Barbardiya-9, Katarniya |
| 19 | Deepak Raj Thapa | Vet. Officer | Barbardiya-9, Katarniya |
| 20 | Dr. Rupendra Kumar Oli | Vet. Officer | Integrated Agriculture/ Animal Dev. Office, Bardiya |
| 21 | Rawa Dutta Poudel | Member Gaushala | Barbardiya-9, Katarniya |
| 22 | Sagar Dhakal | Chief | Integrated Agriculture/ Animal Dev. Office, Bardiya |

**प्रतिवेदन तयार गर्ने**

- बाल कृष्ण जोशी
- लुमा निधि पाण्डे
- निना गोर्खाली
- माधव आचार्य
- श्रीप्रसाद विस्ट
- सन्तोष शर्मा
- देवेन्द्र कुमार बिस्ट
- स्मृति राना
- पुर्मल बस्नेत

# अनुसूची १. कार्यक्रम

## Agrobiodiversity conservation and utilization in Lumbini Province

लुम्बिनी प्रदेशमा कृषि जैविक विविधता संरक्षण तथा उपयोग

Travel date: 5 Paush 2080 afternoon

1st Day: 6 Paush 2080 / पहिलो दिन : पौष ६ गते

Time: 11 am / समय : ११ बजे

स्थान : बसाहा बर्डा गौसाला, बारबर्दिया न.पा. वाडा न.९, कतर्निया, बर्दिया/ Baarbardiya Municipality-9, Katarniya, Bardiya

**Objectives / उदेश्य**

- Native cow genetic diversity conservation through utilization / रैथाने गाईको आनुवंशिक विविधता, प्रयोग मार्फत संरक्षण र सम्बर्द्धन (गौशाला : गाइ फार्म जिन बैंकको रुपमा)
- Forages field genebank, and nursery management/ घाँसे बाली फिल्ड जिन बैंक र नर्सरी स्थापना तथा व्यवस्थापन
- Manure factory strengthening / मल कारखानाको रुपमा विकास
- Exploring the potentiality of panch gavya / पन्च गब्यको प्रवर्द्धन
- Database management and long term sustainability / सम्पूर्ण आंकडा व्यवस्थापन र दिगोपनको लागि आवश्यक कार्य

**Program/ कार्यक्रम**

- Gaushala visit and observation/ गौशाला भ्रमण र अबलोकन
- Interaction and discussion / अन्तरक्रिय र छलफल
- Action plan preparation / कार्योजना तयारी

सहभागी

| | |
|---|---|
| • योजना तथा समन्वय निर्देशक, नार्क<br>• कृषि अनुसन्धान निर्देशक, नार्क, खजुरा<br>• प्रमूख, राष्ट्रिय पशु प्रजनन् केन्द्र, खुमलटार<br>• प्रमूख, राष्ट्रिय माटो अनुसन्धान केन्द्र<br>• प्रमूख, र सन्तोष शर्मा राष्ट्रिय जिन बैंक<br>• ज्ञान केन्द्र | • कृषि शाखा, पालिका<br>• कृषि निर्देशनालय, लुम्बिनी प्रदेश<br>• प्रदेश संसद<br>• वार्ड पधादिकारीहरु<br>• WWF शाखा<br>• कोशे बाली, खजुरा<br>• अनुसन्धान निर्देशनालय, खजुरा |

सम्पर्क

सन्तोष शर्मा : ९८५११७४९७३ र पुर्मल बस्नेत : ९८४८३५१०२५

View publication stats